Shiva Saran Gyawali **Pragnya Sarathi** *Vol.* 23, 2025, pp. 27-38

**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 23 February 2025
Review: 25 March -18 March 2025
Revision 18 March -28 March 2025
Accept: 31 March 2025
Published: 10 April 2025
DOI: https://doi.org/10.3126/ps.v23i1.77513
Available: https://www.nepjol.info/index.php/ps

# बागलुङको पत्रकारिताको विवरणात्मक इतिहास

शिवसरण ज्ञवाली
उपप्राध्यापक, नेपाली
सरस्वती बहुमुखी क्याम्पस,त्रिभुवन विश्वविद्यालय
Email: shiva.gyawali@hotmail.com

**लेखसार**

प्रस्तुत लेख बागलुङको पत्रकारिताको विवरणात्मक इतिहासको अभिलेखनसँग सम्बन्धित रहेको छ । यो जिल्लाको पत्रकारिता वि. सं. २००८ मा हातले लेखेर प्रकाशित भएको 'सही बाटो' समाचार पत्रबाट सुरु भएर अनलाइनसम्म विकास भएको छ । २०२० को दशकबाट पत्रकारिता मुद्रण युगमा प्रवेश गऱ्यो । मुद्रणमा प्रवेश भए पछि समाचार पत्रका पाक्षिक, साप्ताहिक, अर्धसाप्ताहिक, दैनिक स्वरूप पनि देखा परेको पाइन्छ । यो जिल्लामा साहित्यिक पत्रकारिताको स्थापित परम्परा छ । यहाँको साहित्यिक पत्रकारिता पनि साहित्यिक र अनुसन्धानमूलक दुई धारमा विकसित छ । साहित्यिक पत्रकारिता व्यक्तिगत प्रयत्न र समपर्णमा आधारित छ भने अनुसन्धानमूलक पत्रकारिताको विकास संस्थागत रहेको छ । वि. सं. २०६० को दशकबाट यहाँको पत्रकारिता विद्युतीय माध्यममा प्रवेश गऱ्यो । त्यसपछि रेडियो, टेलिभिजन र अनलाइन पत्रकारिताको विकास भएको पाइन्छ । आजसम्मको सत्तरी बहत्तर वर्षको पत्रकारिताको इतिहासमा मुद्रित र विद्युतीय दुवै खालको पत्रकारिताको विकास भए पनि पत्रपत्रिका प्रकाशन हुने र बन्द हुने क्रम भने यहाँको पत्रकारिताको प्रवृति बनेको छ । यो प्रवृति विद्युतीय माध्यममा पनि सल्किदाँ छ । यसो हुनाको मुख्य कारण जनशक्ति अभाव र आर्थिक समस्या नै रहेका छन् । तर बागलुङको पत्रकारिताको इतिहासमा गतिवान् नै बनेको पाइन्छ ।

*शब्दकुञ्जी* : अनुसन्धानमूलक पत्रिका, नयाँ माध्यम, पाक्षिक, हस्तलेखन, सामुदायिक रेडियो

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## विषय प्रवेश

आमसञ्चारको सूचना उत्पादन, सम्पादन र सम्प्रेषणको कार्य पत्रकारिता हो । नेपालमा वि. सं. १९५८ वैशाख २४ गते 'गोरखापत्र' प्रकाशित भए पछि पत्रकारिताको इतिहास सुरु भएको मानिन्छ । यो समाचार पत्र प्रकाशित भए पछि देशभित्र र बाहिरबाट विभिन्न पत्रपत्रिका प्रकाशन हुने क्रम सुरु भयो । त्यसै क्रममा बागलुङ जिल्लाबाट पनि वि.सं. २००८ असोज १५ गते हस्तलिखित रूपमा *सही बाटो* प्रकाशन हुन थाल्यो । हालसम्मको खोज अनुसन्धानमा यो नै बागलुङ जिल्लाको पहिलो समाचार पत्र मानिन्छ । सुरुमा हस्तलेखनबाट सुरु भएको पत्रकारिता प्रविधिको विकाससँगै छापा र विद्युतीय माध्यममा बिस्तार भइसकेको छ । वि. सं. २०२१ बाट मुद्रण पत्रकारिताको इतिहास सुरु भयो । साठीको दशकबाट विद्युतीय पत्रकारिताको पनि आरम्भ भयो । यस्तै यो जिल्लामा साहित्यिक पत्रकारिताको पनि आफ्नो परम्परा स्थापित छ । विद्युतीय नयाँ माध्यममा पनि पत्रकारिता बिस्तारित हुँदैछ । यी कार्यहरूले नै बागलुङमा पत्रकारितामा एउटा निश्चित इतिहास बनाएका छन् । यो इतिहास सत्तरी बहत्तर वर्षको रहेको छ ।

बागलुङको पत्रकारिताको इतिहासका बारेमा विभिन्न अध्ययन भएका छन् । भोजेन्द्र थापा (२०६८) ले *नेपाली साहित्यमा 'धौलाश्री' पत्रिकाको योगदान,* तेजराज उपाध्याय (२०७०) ले *नेपाली साहित्यको विकासमा गोधूलि पत्रिकाको योगदान,* दुर्गा अधिकारी (२०७०) ले *नेपाली बालकविताको विकासमा मञ्जरी पत्रिकाको योगदान,* रतन थापा (२०७२) ले *नेपाली साहित्यमा 'बुकी' साहित्यिक पत्रिकाको योगदान,* विष्णुकुमाारी कँडेल (२०७३) ले *बागलुङ बजारबाट प्रकाशित दैनिक नेपाली समाचारपत्रहरूको सम्पादकीयमा रहेको वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन,* हरिप्रसाद सापकोटा (२०७३) ले *नेपाली साहित्यको विकासमा गुराँस पत्रिकाको योगदान,* पूरन पाण्डे (२०७५) ले *नेपाली साहित्यको विकासमा प्रवाह पत्रिकाको योगदान,* रमाकुमारी शर्मा (२०७६) ले *न्यु कालीगण्डकी समाचारपत्रको सम्पादकीयमा रहेका वर्णविन्याससम्बन्धी त्रुटिहरूको अध्ययन ,* हरिनारायण गौतम (२०७०) ले *ढोरपाटन दशक,* प्रेम छोटा (२०७१) ले *धवलागिरिको छ दशकीय पत्रकारिता,* दिल शिरीष (२०७८) ले *धौलागिरिको पत्रकारिता,* विदुर खड्का (२०५२) ले *धौलाश्री* वर्ष २५, अङ्क १ मा 'धौलागिरी अञ्चलमा पत्रपत्रिकाको विकास', पद्मनाथ शर्मा (२०६०) को *नव दिव्य दृष्टि* साप्ताहिक वर्ष १ अङ्क १ मा 'पत्रपत्रिकाको महत्व र यसको अवस्था' शीर्षकमा अध्ययन गरेको पाइन्छ । यी सबै पूर्वकार्यमा बागलुङको पत्रकारिताको इतिहासको आंशिक अध्ययन भएको छ । मूर्त र पूर्ण तथा वर्गीकृत अध्ययन भएको पाइदैंन । यो लेखमा बागलुङको पत्रकारिताको इतिहासको विस्तृत तर विवरणात्मक अध्ययन गरिएको छ । बागलुङको पत्रकारिताको विवरणात्मक इतिहास के कसरी विकास भएको छ ? भन्ने समस्यामा यो अध्ययन आधारित छ । त्यसैले बागलुङको पत्रकारिताको विवरणात्मकत इतिहास खोज्नु यसको उद्देश्य रहेको छ । बागलुङको पत्रकारिताको विवरणात्मक इतिहासको अध्ययन गरेकाले यो लेख औचित्यपूर्ण पनि रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेख तयार गर्दा पुस्तकालय कार्यका माध्यमबाट प्राथमिक र द्वितीयक सामग्री सङ्कलन गरिएको छ । प्राथमिक सामग्रीमा बागलुङबाट प्रकाशित पत्रपत्रिका र तिनीहरूका बारेमा लेखिएका पुस्तक, लेखरचना, शोधकार्यमा उपलब्ध सूचनाहरू रहेका छन् । द्वितीयक सामग्रीमा साहित्येतिहाससँग सम्बन्धित पुस्तक, पत्रपत्रिका आदि रहेका छन् । यी सामग्रीबाट सिद्धान्त खोजिएको छ । यो लेखको तत्वमीमांसा बागलुङको पत्रकारिता र त्यसको इतिहास हो । पत्रकारिताको इतिहास निर्माण गर्ने पत्रपत्रिका नै तत्वका रूपमा आएका छन् । त्यस्ता पत्रपत्रिकाको तत्वमीमांसा लेखमा गरिएको छ । पत्रकारिताको इतिहाससँग सम्बन्धित तथ्यहरू लेखका प्रमाण हुन् । तथ्यलाई आधार मानेर व्याख्या विश्लेषण गरेर आगमनात्मक तर्क पद्धतिका माध्यमबाट निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक ढाँचा

प्रस्तुत लेखको सैद्धान्तिक ढाँचा साहित्येतिहासको आधारभूत मान्यता हो । साहित्येतिहास अध्ययनका मिश्रित र लम्ब रूपाङ्कन हुन्छन् (श्रेष्ठ, २०६१) । ती मध्ये लम्ब रूपाङ्कनलाई यसले आफ्नो सैद्धान्तिक ढाँचा बनाएको छ । प्रस्तुत लेखमा पत्रकारिताको आकृतिमूलक इतिहासलाई प्रस्तुत गरिएको छ । इतिहासको यस्तो अध्ययन गर्दा वर्गीकरणको आवश्यकता पर्दछ । वर्गीकरण गर्ने आधार भनेको कालविभाजन हो (श्रेष्ठ र शर्मा, २०६४) कालविभाजनकै सादृश्यमा बागलुङको पत्रकारिताको विवरणात्मक इतिहासको खोजी गरिएको छ । विषयगत सामग्रीको गुणात्मक तरिकाले वर्णन, व्याख्या विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ । कालविभाजनकै मान्यतालाई आधार मानेर बागलुङको पत्रकारिताको इतिहासलाई छापा

पत्रकारिता र विद्युतीय पत्रकारितामा वर्गीकरण गरी यिनै सूचकका आधारमा अध्ययन गरिएको छ । छापा र विद्युतीय पत्रकारिताको प्रारम्भिक समयको पनि रेखाङ्कन गरिएको छ ।

## परिणाम र विमर्श

बागलुङमा पत्रकारिताको इतिहासको समृद्ध परम्परा रहेको छ । हालसम्म खोजमा बागलुङको पत्रकारिताको इतिहास वि. स. २००८ बाट सुरु भएको मानिन्छ । यसरी सुरु भएको पत्रकारिता वि. सं. २०२० को दशकदेखि मुद्रित स्वरूपमा देखापऱ्यो । यस्तो पत्रकारिता छापा र साहित्यिक गरेर दुई धारमा विकास भएको पाइन्छ । छापा पत्रकारिता पनि पाक्षिक, साप्ताहिक र दैनिक पत्रकारितामा विकास भएको पाइन्छ भने साहित्यिक पत्रकारिता साहित्यिक र अनुसन्धानमूलक पत्रकारितामा बिस्तारित भई अगाडि बढेको देखिन्छ । वि. सं. २०६० को दशकदेखि यो जिल्लामा विद्युतीय माध्यमको पनि उदय भयो । बागलुङको छापा र विद्युतीय पत्रकारिताको इतिहास विमर्श विभिन्न उपशीर्षकमा यहाँ गरिएको छ ।

### छापा पत्रकारिता : वि. सं. २०२१ देखि प्रारम्भ

छापाखानामा छापिएर वा मुद्रित भएर प्रकाशित हुने पत्रपत्रिकालाई छापा पत्रकारिता भनिन्छ । बागलुङमा छापा पत्रकारिताको आरम्भ वि. सं. २०२१ मा अञ्चल समितिबाट प्रकाशित *धवलागिरि* समाचारपत्रबाट भएको मानिन्छ (ज्ञवाली, २०२४) । यो पत्रिका प्रकाशन हुँदा वि.सं. २००८ मा *सही बाटो* हस्तलिखित समाचार पत्र प्रकाशित भइसकेको पाइन्छ । त्यसैले यो समाचार पत्र बागलुङको पत्रकारिताको जग निर्माणको पृष्ठभूमि बनेको छ । यसरी सुरु भएको बागलुङको छापा पत्रकारितालाई यहाँ अखबारी र साहित्यिक गरेर दुई उपशीर्षकमा विश्लेषण गरिएको छ ।

### अखबारी पत्रकारिता

बागलुङमा अखबारी पत्रकारिताको इतिहास वि. सं. २००८ असोज १५ गते *सही बाटो* हस्तलिखित समाचारपत्रबाट भएको पाइन्छ । यसको सिरानमा '*सही बाटो* अखबार झल्कोस् प्रजातन्त्र नेपालमा, सत्य कुरा नै फैलियोस् देशबासी जनतामा' भन्ने नारा लेखिएको थियो (खड्का, २०७०) । यो पत्रिकाका प्रबन्धक ओमकारप्रसाद गौचन थिए भने सम्पादक गोविन्दलाल श्रेष्ठ रहेका थिए । यसले बागलुङमा पत्रकारिताको प्रारम्भ गर्न पृष्ठभूमिको काम गरेको थियो ।

धवलागिरि अञ्चल पञ्चायतको सक्रियतामा वि.सं. २०२१ कार्तिक १७ गतेदेखि *धवलागिरि* नामक समाचारमूलक समाचार पत्र प्रकाशित भयो । यो बागलुङको पहिलो मुद्रित समाचार पत्र थियो । सुरुमा गोविन्दलाल श्रेष्ठको सम्पादनमा प्रकाशित भएको यो समाचार पत्र पछि कृष्णप्रसाद दुःखी, स्वामी रमेशानन्द केसरी, ध्रुवप्रसाद श्रेष्ठले सम्पादन गरेका थिए । त्यसपछि वि. सं. २०२८ असार १७ गते *धौलाश्री* साप्ताहिक समाचार पत्रको प्रकाशन सुरु भयो । विदुर खड्का सम्पादक रहेको यो समाचार पत्र दिव्य प्रकाशनबाट प्रकाशित भएको थियो । पञ्चायती व्यवस्थामा बेलाबेला शासकसँग सङ्घर्षसमेत गर्दै दीर्घ जीवन पाउने यो बागलुङको पहिलो पत्रिका पनि हो । यो वि. सं. २०५८ असार १३ गतेदेखि दैनिकमा रूपान्तरण भयो । पञ्चायतकालमा प्रशासनको सिकार भएर यो समाचार पत्र बन्द भएको थियो । पुनः वि. सं.२०६३ देखि २०६५ सम्म दुई वर्ष बन्द भयो (थापा, २०६८) । मुद्रितप्रति प्रकाशनमा जटिलता भएपछि यो छापिन छाड्यो । २०६५ असार १९ गतेदेखि यो समाचार पत्र अनलाइन प्रकाशित भए पनि हाल भने बन्द रहेको छ ।

वि.सं. २०३२/३३ तिर बुर्तिवाङबाट धीरप्रताप सिंहले *उत्तरगंगा* नामक भित्ते पत्रिका प्रकाशन गरेको इतिहास पाइन्छ । तर यो पनि लामो सयमसम्म टिक्न सकेन । तत्कालीन अञ्चलाधीशले स्पष्टीकरण सोधेपछि यो पत्रिका बन्द भयो (पौडेल, २०७४) । त्यतिबेला प्रशासनको वक्रदृष्टिबाट *उत्तरगंगा* पनि जोगिन सकेन । समाचार पत्र प्रकाशनकै सिलसिलामा वि. सं. २०३६ असार १३ गतेबाट पद्मनाथ शर्माको सम्पादन र पार्वती श्रेष्ठको प्रकाशनमा *खबर कागज* साप्ताहिक प्रकाशित भयो । यो समाचार पत्रमा तत्कालीन वन राज्यमन्त्रीलाई साडीको फेटा शीर्षकमा ब्यानर समाचार छापेपछि प्रशासनले अवरोध सिर्जना गऱ्यो (छोटा, २०७१) । फलतः यो पनि बन्द हुन पुग्यो । बुर्तिवाङबाटै नेपाल फेलोसिप नामक गैरसरकारी संस्थाले स्वास्थ्य, शिक्षा, विकास र सूचना प्रवाहका क्षेत्रमा जनचेतना जगाउने उद्देश्यले वि.सं. २०४७ वैशाखमा *देउराली* नामको समाचार पत्र प्रकाशित गऱ्यो । दलबहादुर भण्डारी सम्पादक रहेको यो वि. सं. २०५४ सम्म प्रकाशित भएको देखिन्छ । यो सुरुमा त्रैमासिक र पछि गएर द्वैमासिक रूपमा प्रकाशित भएको थियो । सोही संस्थाद्वारा *बुकीफूल* नामक समाचार पत्र पनि त्यही समयमा प्रकाशित भएको थियो । यो पत्रिकाको सम्पादन पदम श्रेष्ठ र दलबहादुर भण्डारीले गरेका थिए । सुरुमा यो *सामुदायिक स्वास्थ्य समाचार* नामक समाचार पत्रका रूपमा आएको थियो । पछि गएर यसको नाम परिवर्तन गरेर *देउराली* बनाइएको थियो । वि. सं. २०५० असोज १५ गतेदेखि *कालीगण्डकी* नामक साप्ताहिक समाचार पत्र प्रकाशित भयो । यो

समाचार पत्रको प्रधान सम्पादक पद्‌मनाथ शर्मा नै थिए भने यसको सम्पादक/प्रकाशकमा निरञ्जनलाल राजभण्डारी रहेका थिए । यो जम्माजम्मी ३७ अङ्क प्रकाशित भएर बन्द हुन पुग्यो (थापा, २०६८) । वि. सं. २०५४ भाद्र १० गतेदेखि *श्री धौलागिरि* साप्ताहिक समाचार पत्र प्रकाशित हुन थाल्यो । देवेन्द्रराज अधिकारी सम्पादक रहेको यो समाचार पत्रले स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय गतिविधिका समाचारहरूलाई स्थान दिएको थियो । वि.सं. २०५४ असोज २१ गतेदेखि *श्री सूर्य* साप्ताहिक प्रकाशनमा आयो । यसका प्रधान सम्पादक श्रीप्रसाद शर्मा रहेका थिए भने कार्यकारी सम्पादक उदयचन्द्र चपाईं थिए । राजनीतिक लक्ष्य लिएको यो समाचार पत्र पनि लामो समय प्रकाशित हुन सकेन ।

वि.सं. २०५५ भदौ २९ गतेदेखि *न्यु धौलागिरि* दैनिक समाचार पत्र प्रकाशित भयो । यसका सम्पादक शुभशङ्कर कँडेल थिए भने प्रबन्ध सम्पादक हिराबहादुर के.सी. र सह सम्पादक हरिनारायण गौतम रहेका थिए । यसको मुख्य उद्देश्य पनि समाचारमूलक सामग्रीहरू प्रकाशन गर्नु रहेको छ । यो बागलुङको मात्रै नभएर साबिकको धवलागिरि अञ्चलकै पहिलो दैनिक पत्रिका हो । तर यसले पनि निरन्तरता पाउन सकेन । वि. सं. २०५५ चैत्र १० गते *सम्भावना* सामयिक विशेषाङ्क प्रकाशित भयो । यसको सम्पादक पनि एस. कँडेल रहेका थिए । यो विशेष अङ्कबाहेक अरू प्रकाशनमा आएन । वि. सं. २०५५ चैत २१ गते *बागलुङ* साप्ताहिकको प्रकाशन सुरु भयो । बद्रीप्रसाद शर्मा सम्पादक रहेको यो समाचार पत्रमा राजेशचन्द्र राजभण्डारी सह सम्पादक र मुकेशचन्द्र राजभण्डारी कार्यकारी सम्पादक रहेका थिए । यो समाचार पत्रले जनपक्षीय समाचार प्रकाशन गर्ने उद्देश्य राखेको पाइए पनि दीर्घ जीवन पाउन सकेन । वि.सं. २०५६/२०५७ मा बुर्तिवाङबाट *निसीभूजी सन्देश* नामक समाचार पत्र प्रकाशित भयो । यसको सम्पादन थमप्रसाद छन्त्याल, दलबहादुर भण्डारी र झकप्रसाद श्रेष्ठले गरेका थिए । यो पनि प्रकाशनको छोटो समयमै बन्द हुन पुग्यो । वि.सं. २०५६ असोज २५ गते *धौलागिरि आवाज* साप्ताहिक समाचार पत्र प्रकाशित भयो । यसका सम्पादक धीरप्रताप सिंह थिए ।

वि.सं. २०५६ फागुन ११ गतेदेखि *धौलागिरि स्टार* साप्ताहिक पत्रिका प्रकाशित भयो । सुरुमा यसका प्रधान सम्पादक कृष्ण अधिकारी रहेका थिए भने सम्पादक र सह सम्पादक क्रमशः हरिनारायण गौतम र बाबुलाल शाक्य रहेका थिए । यो समाचार पत्र साप्ताहिक रूपमा नै प्रकाशन भइरहेको पाइन्छ । हाल यसका प्रधान सम्पादक हरिनारायण गौतम रहेका छन् । वि.सं. २०५८ चैत २४ *बागलुङ महोत्सव* नामक पत्रिकाको प्रकाशन गङ्गाधर अधिकारी चिन्तनको सम्पादनमा भयो । बागलुङ महोत्सवका विविध पक्षलाई उजागर गर्ने उद्देश्य रहेको यसका दुई अङ्क मात्र प्रकाशित भएको देखिन्छ । वि. सं. २०५८ साउन २८ गतेबाट *उषाकालीन* साप्ताहिक प्रकाशित भयो । यो समाचार पत्रका प्रधान सम्पादक झपिन्द्रबहादुर क्षेत्री थिए भने सम्पादक टेकबहादुर क्षेत्री रहेका थिए । यो समाचार पत्र पनि लामो समय प्रकाशित हुन सकेन । वि.सं. २०६० जेठ १ मा *बागलुङ पत्र* साप्ताहिक समाचार पत्र प्रकाशित भयो । यो हिमाल शर्मा र बाबुलाल शाक्यको सम्पादनमा प्रकाशित भएको थियो । आर्थिक समस्या र प्रतिबद्धताको अभावले यो पनि लामो समय टिक्न सकेन ।

वि.सं. २०६० साउन २६ गते *ढोरपाटन* दैनिकले आफ्नो नमुना अङ्क प्रकाशन गऱ्यो । यसको नियमित प्रकाशन वि. सं. २०६० भाद्र १ गतेबाट सुरु भयो । घुम्टे प्रकाशन प्रा.लि.द्वारा प्रकाशित यो समाचार पत्रका प्रधान सम्पादक बद्रीप्रसाद शर्मा थिए भने सम्पादक हरिनारायण गौतम थिए । अहिले यसका सम्पादक हरिनारायण गौतम नै छन् । वि.सं. २०७५ फागुन २९ यो समाचार पत्रले गण्डकी प्रदेशको राजधानी पोखरा आफ्नो प्रकाशन सुरु गरेको छ । व्यवसायिक लक्ष्यका साथ यो समाचार पत्र स्थानगत क्षेत्र बिस्तार गरेर निरन्तर प्रकाशित छ । यो समाचार पत्र सहकारी संस्थाबाट प्रकाशित भइरहेको छ ।

वि.सं. २०४९ मा भीमगिठेबाट *आवाज* साप्ताहिक प्रकाशित भयो । यो भित्ते पत्रिका थियो । यसका सम्पादक ढालेन्द्र रायमाझी थिए । यो १५ अङ्क प्रकाशित भए पछि बन्द भयो । वि.सं. २०६० असोज १३ गते *नव दिव्यदृष्टि* साप्ताहिक समाचार पत्र प्रकाशित भयो । यो समाचार पत्रका प्रधान सम्पादक निलबहादुर के.सी., भाषा सम्पादक धनराज सापकोटा र प्रकाशक राजविन थापा रामु रहेका थिए । यो समाचार पत्र आर्थिक र जनशक्ति अभावमा बन्द भए पनि अनलाइन संस्करण जापानबाट प्रकाशित छ । जापानबाट सञ्चालित भए पनि यसले बागलुङको स्थानीय रङ्ग भने छाडेको छैन ।

वि. सं. २०६० मा *बागलुङ एक्सप्रेस* प्रकाशित भयो । यो समाचार पत्रका प्रधान सम्पादक/प्रकाशक चन्द्रबहादुर क्षेत्री (चन्द्र सूर्य) रहेका थिए भने अतिथि सम्पादक रामबहादुर जि.सी. थिए । सुरुका एकदुई वर्ष नियमित प्रकाशित भयो तर बिचमा यसको प्रकाशन बन्द हुन पुग्यो । वि.सं. २०७४ मा यो एकदुई अङ्क प्रकाशित भयो तर हाल आएर यो फेसबुक पेजमा मात्रै सीमित हुन पुगेको छ । वि.सं. २०६१ मा बुर्तिवाङबाट *बुर्तिवाङ राइजिङ मञ्च* पाक्षिक प्रकाशित भयो । यसको सम्पादन

उत्तम महत र पूरन पाण्डेले गरेका थिए । यो हस्तलिखित भित्ते पत्रिका थियो । आर्थिक र भौगोलिक विकटताले गर्दा यो समाचार पत्र चाँडै बन्द भएको इतिहास पाइन्छ ।

**तालिका १**

*समाचारपत्र*

| क.सं. | समाचार पत्रको नाम | प्रकाशन वर्ष | प्रकाशन अवस्था | सम्पादक | प्रकाशक | प्रकाशित अवधि वर्षमा |
|---|---|---|---|---|---|---|
| १ | सही बाटो | २००८ | बन्द | गोविन्दलाल श्रेष्ठ | ओमकारप्रसाद गौचन | १ |
| २ | धवलागिरि | २०२१-०३२ | बन्द | गोविन्दलाल श्रेष्ठ | धवलागिरि अञ्चल पञ्चायत | ११ |
| ३ | धौलाश्री | २०२८-०.. | बन्द | विदुर खड्का | दिव्य प्रकाशन | १० |
| ४ | उत्तरगंगा$^{\Delta}$ | २०३२/३३ | बन्द | धीरप्रताप सिंह | धीरप्रताप सिंह | १ |
| ५ | खबरकागज | २०३६ | बन्द | पद्मनाथ शर्मा | पार्वती श्रेष्ठ | १ |
| ६ | देउराली | २०४७ | बन्द | दलबहादुर भण्डारी | बुर्तिवाङबाटै नेपाल फेलोसिप | ८ |
| ७ | आवाज$^{\Delta}$ | २०४९ | बन्द | ढालेन्द्र रायमाझी | ढालेन्द्र रायमाझी | १ |
| ८ | साप्ताहिक कालीगण्डकी | २०५० | बन्द | निरञ्जनलाल राजभण्डारी | निरञ्जनलाल राजभण्डारी | १ |
| ९ | श्री धौलागिरि | २०५४ | बन्द | देवेन्द्रराज अधिकारी | देवेन्द्रराज अधिकारी | १ |
| १० | श्री सूर्य | २०५४ | बन्द | श्री प्रसाद शर्मा | श्री प्रसाद शर्मा | ३ |
| ११ | न्यु धौलागिरि | २०५५ | बन्द | हिराबहादुर के.सी. | धौलागिरि प्रकाशन सहकारी संस्था | ३ |
| १२ | संभावना | २०५५ | बन्द | एस. कँडेल | विकल श्रेष्ठ, दयाराम गौतम, महेश महत | ३ |
| १३ | बागलुङ साप्ताहिक | २०५५ | बन्द | बद्रीप्रसाद शर्मा | राजेशचन्द्र राजभण्डारी | ३ |
| १४ | निसीभुजी सन्देश$^{\Delta}$ | २०५६/५७ | बन्द | थमप्रसाद छन्त्याल, दलबहादुर भण्डारी र झकप्रसाद श्रेष्ठ | झकप्रसाद श्रेष्ठ | ३ |
| १५ | धौलागिरि आवाज | २०५६ | बन्द | धीरप्रताप सिंह | प्रजातान्त्रिक बौद्धिक समूह | ३ |
| १६ | धौलागिरि स्टार | २०५६ | नियमित | | हरिनारायण गौतम | ३ |
| १७ | बागलुङ महोत्सव* | २०५८ | बन्द | गङ्गाधर अधिकारी चिन्तन | कालिका सञ्चार समूह | ३ |
| १८ | उषाकालीन | २०५८ | बन्द | टेकबहादुर क्षेत्री | तेजेन्द्र थापा | १ |
| १९ | बागलुङ पत्र | २०६० | बन्द | हिमाल शर्मा र बाबुलाल शाक्य | हिमाल शर्मा | २ |
| २० | बागलुङ एक्सप्रेस | २०६० | बन्द | ऋषिराम रिजाल | चन्द्रबहादुर क्षेत्री 'चन्द्र सूर्य' | १५ |
| २१ | ढोरपाटन | २०६० | नियमित | हरिनारायण गौतम | ढोरपाटन सञ्चार प्रा. लि. | १० |
| २२ | नव दिव्य दृष्टि$^{\Delta}$ | २०६० | बन्द | निलबहादुर के.सी | राजविन थापा रामु | २ |
| २३ | बुर्तिवाङ राइजिङ मञ्च | २०६१ | बन्द | उत्तम महत र पूरन पाण्डे | बुर्तिवाङ राइजिङ युवाक्लब | ५ |
| २४ | परिदृश्य | २०६१ | बन्द | केशव थापा | केशव थापा | १ |
| २५ | नवजनहित | २०६२ | बन्द | खगराज गौतम | खगराज गौतम | १ |
| २६ | छलाङ | २०६४ | बन्द | ज्ञानबहादुर सिंह | ज्ञानबहादुर सिंह | १ |
| २७ | धौलागिरि जागरण (अर्धसाप्ताहिक) | २०६३ | बन्द | रामबहादुर जि.सी. | आदर्श सञ्चार सहकारी | २ |
| २८ | धौलागिरि जागरण (दैनिक) | २०६५ | नियमित | रामबहादुर जि.सी. | आदर्श सञ्चार सहकारी | १० |
| २९ | कालिका | २०६४ | नियमित | दुर्गादत्त आचार्य | उत्तरगंगा पब्किसन प्रा.लि. | १० |
| ३० | अब हाम्रो पत्रिका | २०६५ | बन्द | विक्रम भण्डारी | रवीन केसी | ३ |
| ३१ | बुर्तिवाङ एक्सप्रेस साप्ताहिक | २०६६ | बन्द | लोकबहादुर सुनार | लोकबहादुर सुनार | ३ |
| ३२ | धौलागिरि गर्जन | २०६६ | बन्द | कृष्ण केसी | कृष्ण केसी | ५ |
| ३३ | मुक्तिक्षेत्र | २०६७ | नियमित | धनराज सापकोटा | उत्तर गंगा पब्लिकेसन प्रालि | १० |
| ३४ | गलकोट पत्र | २०६७ | नियमित | दिनेश पन्त | गलकोट सूचना तथा सञ्चार सहकारी संस्था | १० |
| ३५ | गाँउले खबर चौतारी | २०६८ | बन्द | नवीनप्रताप जिसी | नवीनप्रताप जिसी | ३ |
| ३६ | परिसूचन | २०७१ | नियमित | ताराप्रसाद शर्मा | लेखन नेपाल मिडिया प्रा. लि. | ७ |
| ३७ | अग्रसर | २०७२ | नियमित | रामबहादुर जि.सी. | आर्दश सञ्चार सहकारी | ६ |
| ३८ | जन निगरानी | २०७४ | नियमित | नवीनशिशिर बिक | गुहेली सञ्चार सहकारी संस्था | ५ |
| ३९ | धवल बुलेटिन* | २०७५ | नियमित | तिलकप्रसाद कँडेल र हरिप्रसाद पाण्डे, हाल हिरालाल रेग्मी | धवलागिरि बहुमुखी क्याम्पस | ४ |

नोट $^{\Delta}$ कतैबाट फेला पार्न नसकिएकाले अध्ययन गर्न सकिएन । * मुखपत्र वा विशेषाङ्क भएकाले अध्ययन सामेल नगरिएको

वि. सं. २०६१ मा *परिदृश्य* साप्ताहिक प्रकाशित भयो। यसका प्रधान सम्पादक कुलानन्द शर्मा र सम्पादक/प्रकाशक केशव थापा थिए। यो समाचार पत्र पनि एक वर्षभित्रै बन्द हुन पुग्यो। वि. सं. २०६२ असोजदेखि *नव जनहित* साप्ताहिक प्रकाशित भयो। यसका प्रधान सम्पादक प्रकान्त श्रेष्ठ र प्रकाशक/सम्पादक खगराज गौतम रहेका छन् भने कार्यकारी सम्पादक डोलेन्द्र गौतम हुन्। यसको व्यवस्थापन राजु खड्काले गरेका थिए। यो पनि २७ अङ्क प्रकाशित भएर बन्द भयो।

वि. सं. २०६४ मा *छलाङ* साप्ताहिक प्रकाशित भयो। यसका प्रधान सम्पादक वसन्त मल्ल र सम्पादक/प्रकाशक ज्ञानबहादुर सिंह रहेका थिए। यो समाचार पत्र पनि एकाध वर्ष चलेर बन्द हुन पुग्यो। वि.सं. २०६३ फागुन २३ देखि *धौलागिरि जागरण* अर्ध साप्ताहिक प्रकाशित भयो। रामबहादुर जि.सी.को सम्पादनमा यो पत्रिका प्रकाशित भएको थियो। निष्पक्ष समाचार सम्प्रेषण गर्ने मुख्य उद्देश्यका साथ प्रकाशित यो समाचार पत्र वि.सं. २०६५ जेठ १ गतेदेखि दैनिकमा रूपान्तरण भयो। यो आदर्श सञ्चार सहकारीबाट प्रकाशित हुँदै आएको छ। वि.सं. २०६४ माघ १६ गतेदेखि *कालिका* साप्ताहिक प्रकाशित हुन थाल्यो। उत्तरगंगा पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित यो समाचार पत्रको प्रधान सम्पादक दुर्गादत्त आचार्य रहेका थिए। यो पत्रिका हालसम्म निरन्तर छ। वि. सं. २०६५ माघमा *अब हाम्रो पालो* नामक साप्ताहिक विक्रम भण्डारीको सम्पादनमा प्रकाशित भयो। केही अङ्क प्रकाशनपछि यो बन्द भयो। वि.सं. २०६६ पुष १२ गतेदेखि *बुर्तिबाङ* साप्ताहिक प्रकाशित भयो। यसका सम्पादक लोकबहादुर सुनार रहेका थिए। यो समाचार पत्रले पनि स्थानीय समाचारका साथै अन्य क्षेत्रका समाचारहरू पनि प्रकाशित गर्ने गर्दथ्यो। तर यो समाचार पत्रले पनि निरन्तरता पाउन सकेन। वि.सं. २०६५ चैत्र १ गतेबाट *धौलागिरि गर्जन* समाचार पत्र प्रकाशित भयो। कृष्ण के.सी. सम्पादक रहेको यो समाचार पत्र उद्देश्यपूर्ण समाचारमा नै केन्द्रित थियो। यो पनि वि.सं. २०७० मा बन्द भयो। वि. सं. २०६७ कार्तिक १८ गतेबाट उत्तरगंगा पब्लिकेसन प्रालिले *मुक्तिक्षेत्र* दैनिक प्रकाशित गऱ्यो। दुर्गादत्त शर्मा आचार्य प्रधान सम्पादक र धनराज सापकोटा यसका सम्पादक रहेका थिए। यो बागलुङबाट निरन्तर प्रकाशित भइरहेको छ। वि. सं. २०६७ फागुन २ गते *गलकोट पत्र* साप्ताहिक समाचार पत्र प्रकाशित भयो। यो समाचार पत्रका सम्पादक दिनेश पन्त रहेका थिए। विकास पत्रकारिता गर्ने मुख्य उद्देश्यका साथ यो समाचार पत्र निरन्तर प्रकाशन भइरहेको देखिन्छ। वि. सं. २०६८ मा कुस्मीसेराबाट *गाउँले खबर चौतारी* प्रकाशित भयो। यसका सम्पादक प्रकाशक दुवै नवीनप्रताप जिसी रहेका थिए। कार्यकारी सम्पादक तारानाथ आचार्य थिए। यो वि. सं. २०७० मा ८२ अङ्कसम्म प्रकाशित भएर बन्द हुन पुग्यो। वि. सं. २०७१ जेठ २१ गतेबाट *परिसूचन* साप्ताहिकको प्रकाशन सुरु भयो। यसको सम्पादकमा ताराप्रसाद शर्मा रहेका छन् भने कार्यकारी सम्पादकमा विजय राना रहेका छन्। सुरुमा व्यक्तिगत जिम्मा, समर्पणको भावना र राजनीतिक पक्षधरताको उद्देश्यले चलाइएको यो समाचार पत्र हाल व्यवसायिक बन्दै गएको छ (शिरीष, २०७८)। आर्थिक कठिनाइका बाबजुद पनि यो प्रयत्नशील रहेको छ। वि.सं. २०७२ साउन १ गतेबाट आदर्श सञ्चार सहकारीले आफ्नो पाक्षिक प्रकाशन *अग्रसर*लाई साप्ताहिक बनायो। यसको सम्पादकमा रामबहादुर जि.सी. रहेका छन् भने कार्यकारी सम्पादकमा दिल शिरीष रहेका छन्। वि.सं. २०७४ असार ७ गतेदेखि *जननिगरानी* साप्ताहिकको प्रकाशन सुरु भयो। गुहेली सञ्चार सहकारीद्वारा प्रकाशित उक्त समाचार पत्रको सम्पादक नवीन शिशिर विक थिए। वि.सं. २०७५ साउनदेखि धवलागिरि बहुमुखी क्याम्पस बागलुङले *धवल बुलेटिन* प्रकाशन गर्न थाल्यो। यसका सम्पादक तिलकप्रसाद कँडेल र हरिप्रसाद पाण्डेले गरेका थिए।

हस्तलिखित *सही बाटो* पाक्षिकबाट सुरु भएको बागलुङमा हालसम्म ३९ ओटा समाचार पत्रहरू प्रकाशन भएको विवरण पाइन्छ। प्रकाशनमा आउने र बन्द हुने प्रवृति पनि यहाँ पाइन्छ। यी मध्ये केही निरन्तर प्रकाशित भइरहेका छन्।

## साहित्यिक पत्रिका

बागलुङमा साहित्यिक पत्रकारिताको आरम्भ वि. सं. २०१४ मा प्रकाशित *मञ्जरी* पाक्षिकबाट भएको पाइन्छ। यो बागलुङको पहिलो साहित्यिक पत्रिका हो (थापा, २०६८)। यो पत्रिकामा कथा, कविता, मुक्तक, निबन्ध आदि प्रकाशित हुन्थे।

मञ्जरीका प्रधान सम्पादक शिवकुमार प्रधान र सम्पादक सूर्यप्रसाद श्रेष्ठ रहेका थिए। यो हस्तलिखित थियो। बागलुङमा छापाखानाको सुविधा नभएकाले यो हस्तलिखित रूपमा प्रकाशित हुन पुग्यो (अधिकारी, २०७०)। सोह्रौं अङ्कसम्म प्रकाशित भएर यो बन्द हुन पुग्यो। वि.सं. २०१५ वैशाख १० गते विद्यामन्दिर माध्यमिक विद्यालयले *ज्योति* नामक हस्तलिखित साहित्यिक मासिक पत्रिका विमोचन गऱ्यो। यसमा पनि साहित्यका कथा, कविता, निबन्धजस्ता विधाहरू समेटिएको पाइन्छ। यो वि.सं. २०२१ देखि मुद्रित रूपमा प्रकाशन हुन थाल्यो। यो विद्यालयको मुखपत्रका रूपमा समेत प्रकाशित भएको

थियो तर वि.सं. २०४५ मा जम्माजम्मी पाँच अङ्क प्रकाशित भएर बन्द हुन पुग्यो (थापा, २०६८) । आर्थिक र जनशक्ति अभावमा यो बन्द हुन पुगेको पाइन्छ । वि.सं. २०१७ कार्तिकमा *सरोज* नामक साहित्यिक मासिक पत्रिका प्रकाशित भयो । यसका प्रधान सम्पादक प्राध्यापक डाक्टर तेजबहादुर श्रेष्ठ र सम्पादकहरू कृष्णप्रसाद दुखी, आनन्द विकल, प्रेम छोटा थिए । यसमा पनि कथा, कविता, निबन्धजस्ता रचनाहरू प्रकाशन हुन्थे । यसको प्रकाशन हस्तलिखित रूपमा सरोज सुधा सङ्घ बागलुङले गरेको थियो । वि.सं. २०२२ देखि मुद्रित संस्करणमा प्रकाशित भएको यसको सम्पादन पछि हरिप्रसाद प्रधान र चमेली शाक्यले गरेका थिए । यो पनि पचास अङ्क निस्किएर बन्द हुन पुग्यो । वि.सं. २०१९ वैशाख १५ मा *धवलागिरि* हस्तलिखित साहित्यिक मासिक पत्रिका प्रकाशित भयो । जगतनरसिंह अबोध, सूर्यचन्द्र राजभण्डारी, ज्ञानेन्द्रबहादुर शेरचन, सूर्यप्रसाद मिलन आदिको सक्रियतामा यो पत्रिका प्रकाशित भएको थियो । यसमा पनि कथा, कविता, निबन्धलगायतका लेख रचनाहरू प्रकाशित थिए । यो पनि वि.सं. २०२१ पछि बन्द हुन पुग्यो ।

वि.सं. २०२२ असोज १ गतेदेखि *मुनो* बालसाहित्यिक मासिक पत्रिका प्रकाशित भयो । धवलागिरि वीरन्द्र हाईस्कुलबाट प्रकाशित यसका सम्पादक शास्त्रदत्त पन्त रहेका थिए । यसको मुख्य उद्देश्य विद्यार्थीहरूमा सुषुप्त अवस्थामा रहेको प्रतिभालाई उजागर गर्नु रहेको थियो । वि.सं. २०२८ जेठ १ देखि हस्तलिखित रूपमा द्वैमासिक प्रकाशन सुरु गरेको यो पत्रिका त्यसपछि एक वर्षसम्म मात्रै प्रकाशित भएको देखिन्छ । सम्पादक पन्तले बागलुङ छाडेपछि व्यवस्थापनको अभावमा यो पत्रिका पनि बन्द हुन पुग्यो । व्यक्तिगत रूपमा चलेका पत्रिकाहरू व्यक्तिगत जीवनका उतारचढावसँगै बन्द भएको पाइन्छ । वि.सं. २०२३ वैशाख १५ गतेदेखि धवलागिरि अञ्चल पञ्चायतले *कोसेली* साहित्यिक त्रैमासिक प्रकाशित गऱ्यो । यसका प्रधान सम्पादक गोविन्दलाल श्रेष्ठ र सम्पादक कृष्णप्रसाद दुखी थिए । जम्माजम्मी तीन अङ्क प्रकाशित भएर यो पत्रिका पनि बन्द हुन पुग्यो । वि.सं. २०२५ वैशाख ८ गते वार्षिक रूपमा *बुकी* साहित्यिक पत्रिका प्रकाशित हुन थाल्यो । यो स्थानीय स्तरमा स्थापित नेपाली साहित्यकार सम्पर्क समितिको वार्षिक मुखपत्र थियो । यसले धवलागिरिलाई राष्ट्रिय पहिचान दिने उद्देश्य राखेको थियो । यो पनि दोस्रो अङ्कभन्दा बढी प्रकाशित हुन सकेन । यो पत्रिका ओमकारप्रसाद गौचनको सक्रियता र बालकृष्ण नेभाको सम्पादन र प्रेम छोटाको सह सम्पादनमा भएको थियो । राजनीतिक कारणले गर्दा यसले निरन्तरता पाउन सकेन । वि.सं. २०२८ पुष १ गतेदेखि *कालीको छाल* मासिक साहित्यिक पत्रिका प्रकाशित भयो । यो पत्रिका पनि एक अङ्कभन्दा बढी प्रकाशित हुन सकेन । यसमा कथा, कविता, निबन्धहरू प्रकाशित भएको पाइन्छ । यो पत्रिकाका सम्पादक काजी रोशन थिए । प्रकाशनका लागि अञ्चल प्रशासनले आर्थिक सहयोगसमेत गरेको थियो । तर पत्रिका प्रकाशित भएपछि तत्कालीन अञ्चलाधीश पत्रिकामा प्रकाशित सामग्रीहरूको विषयलाई लिएर सम्पादकसँग रुष्ट भए पछि बन्द भयो । वि.सं. २०२८ माघ ७ गते *झिल्का* वार्षिक पत्रिका प्रकाशित भयो । यसको दोस्रो अङ्क वि.सं. २०३१ मा र तेस्रो अङ्क वि.सं. २०५५ मा प्रकाशित भयो । त्यसपछि यो पत्रिका बन्द भयो । *झिल्का* साहित्यिक पत्रिका विद्यामन्दिर पुस्तकालयले प्रकाशित गर्दथ्यो । धवलागिरि अञ्चलका साहित्यकारहरूलाई उत्प्रेरणा दिने उद्देश्यले यो प्रकाशित भएको थियो (थापा, २०६८) । तर यो पनि निरन्तर प्रकाशित हुन सकेन । वि.सं. २०२९ असोज १ देखि *किरण* साहित्यिक मासिक प्रकाशित हुन थाल्यो । किरण परिवारको प्रकाशनमा प्रकाशित यो पत्रिकाका सम्पादक युक्तप्रसाद पाखे, इन्दु नेपाल र राजकुमार राजभण्डारी रहेका थिए । स्थानीय साहित्यिक गतिविधिलाई उजागर गर्ने दृष्टिकोणले यो पत्रिका प्रकाशित भएको थियो ।

वि.सं. २०२९ पुस १ गतेदेखि *निर्झर* साहित्यिक मासिक पत्रिका प्रकाशन हुन थाल्यो । यो हस्तलिखित रूपमा प्रकाशन हुन्थ्यो । तत्कालीन महेन्द्र इन्टर कलेज बागलुङको निर्झर परिवारले यो पत्रिका प्रकाशित गर्दथ्यो । समसामयिक रचनाहरू प्रकाशन गर्ने उद्देश्य राखेको यो पत्रिकाका सम्पादकहरूमा प्रेमप्रसाद पौडेल, हेमराज सुवेदी, ऋषिराम शर्मा आदि रहेका थिए । यो छ वर्षसम्म प्रकाशित भएर बन्द हुन पुग्यो । वि.सं. २०३० वैशाख १ मा *सरोरुह* साहित्यिक त्रैमासिक पत्रिका प्रकाशित भयो । यो भरतबहादुर, अरुण, दिनबन्धु, निर्मल ओझा आदिको सम्पादनमा प्रकाशन हुन्थ्यो । स्थानीय प्रतिभाहरूको क्षमता उजागर गर्नका लागि प्रकाशित यो पत्रिका पनि एक अङ्कभन्दा बढी प्रकाशित हुन सकेन । वि.सं. २०३० पौष १४ गते *यानिमायाँ* नामको साहित्यिक पत्रिका प्रकाशित भयो । धर्मप्रसाद थापाको सम्पादनमा प्रकाशित यो पत्रिकाको दोस्रो अङ्क वि.सं. २०३१ मा प्रकाशित भएको थियो । त्यसपछि यो बन्द भयो । यसको व्यवस्थापन विदुर खड्का र रमेशानन्द केसरीले गरेको इतिहास पाइन्छ । २०३० फागुन ७ गते *नवबालक* हस्तलिखित मासिक साहित्यिक पत्रिका प्रकाशित भयो । वीरेन्द्रप्रकाश श्रेष्ठ, स्वयंप्रकाश श्रेष्ठ, सुमन शाक्य आदिको सम्पादनमा प्रकाशित यो पत्रिकाले पनि दीर्घजीवन पाउन सकेन । केही अङ्कमै सीमित हुन पुग्यो । वि.सं. २०३१ वैशाख २३ गतेका दिन *काँठेखोला* त्रैमासिक साहित्यिक पत्रिका प्रकाशित भयो । हस्तलिखित रूपमा प्रकाशित यो पत्रिकाले स्थानीय स्तरका प्रतिभाहरूको प्रतिभा प्रस्फुटन गर्ने उद्देश्य राखेको देखिन्छ । यसको प्रकाशनले पनि दीर्घजीवन लिन सकेन । यसका सम्पादक महेन्द्रकुमार श्रेष्ठ थिए । वि.सं. २०३५ फागुनमा *जलजला* साहित्यिक

त्रैमासिक प्रकाशित भयो । विदुर खड्काको प्रकाशनमा प्रकाशित यो पत्रिकाका सम्पादक चन्द्रनरसिंह राजभण्डारी रहेका थिए । साहित्य र समालोचना दुवै क्षेत्रका रचनाहरू प्रकाशन गरेको यो पत्रिका पनि दोस्रो अङ्कमै सीमित हुन पुग्यो । वि.सं. २०३६ असोजमा *कालीको छाल* साहित्यिक पत्रिका प्रकाशित भयो । यसको सम्पादन चन्द्रनरसिंह राजभण्डारी, सन्तु श्रेष्ठ र कृष्णशङ्कर श्रेष्ठले गरेका थिए । २०४२ सालसम्म जम्माजम्मी ६ अङ्क प्रकाशित भएर यो बन्द हुन पुग्यो । विद्यामन्दिर पुस्तकालयबाट प्रकाशित भएको यो पत्रिका आर्थिक अभाव र सम्पादकहरूबीच आपसी समझदारीको अभावमा बन्द हुन पुग्यो । जनपक्षीय र प्रगतिशील मान्यताका साथ वि.सं. २०३७ पौष १ गतेबाट *नयाँ जागरण* मासिक साहित्यिक पत्रिका प्रकाशित भयो । यो साहित्यिक पत्रिकाका सम्पादकमा निर्मल र विकास रहेका थिए । दुई अङ्कसम्म प्रकाशित भएर यो पत्रिका बन्द भयो । वि.सं. २०३७ असारमा *प्रयास* साप्ताहिक प्रकाशित भयो । यो पत्रिकाका सम्पादकमा शोषित विन्दु श्रेष्ठ र हितमान शाक्य रहेका थिए । प्रगतिशील रचना प्रकाशन गर्ने उद्देश्यले प्रकाशनमा आएको यो पत्रिका वि.सं. २०४० सम्म मात्रै प्रकाशित भयो । वि.सं. २०३८ असोजमा *सँगालो* साहित्यिक पत्रिका प्रकाशित भयो । कर्मचारी क्लब बागलुङले यसको प्रकाशन गरेको थियो । यसको मुख्य उद्देश्य कर्मचारीहरूका साहित्यिक रचनाहरू प्रकाशन गर्ने थियो । यो पत्रिका वि.सं. २०४६ पुषमा दश अङ्क प्रकाशित भएर बन्द भयो । तत्कालीन महेन्द्र बहुमुखी क्याम्पस बागलुङको स्व.वि.युले वि.सं. २०३८ मा *मुक्तिसन्देश* साहित्यिक पत्रिका प्रकाशित गऱ्यो । यसको मुख्य उद्देश्य विद्यार्थीहरूको प्रतिभा प्रस्फुटन गर्नु रहेको देखिन्छ । यो पत्रिका पनि एक अङ्कभन्दा बढी निस्कन सकेन ।

तत्कालीन महेन्द्र बहुमुखी क्याम्पसको स्व.वि.यु.ले वि.सं.२०५७ देखि *धवलागिरि दर्पण* पत्रिका पनि प्रकाशन गर्न सुरु गऱ्यो । यसको पहिलो सम्पादक हिराबहादुर के.सी. रहेका थिए । स्ववियुको कार्यकाल दुई वर्षको हुने हुँदा यो पनि दुईदुई वर्षमा प्रकाशन गर्ने लक्ष्य राखेको देखिन्छ । तर स्ववियुको निर्वाचन नियमित नहुँदा र प्रकाशनमा पनि तदारुकताको अभाव हुँदा यो अनियमित बन्न पुग्यो बीचमा प्रकाशन बन्द भए पनि हाल यसका पाँच अङ्क प्रकाशित भइसकेका छन् । यसमा अनुसन्धानमूलक लेख रचना, क्याम्पसको भौतिक पक्षसँग सम्बन्धित लेख, राजनीतिक विषयवस्तुसँग सम्बन्धित लेखरचनाहरू, अन्तर्वार्ता, प्रतिवेदन, क्याम्पसका शैक्षिक कार्यक्रमहरू, साहित्यिक रचनाहरू समावेश गरिएको छ (थापा, २०७७) । यो स्व.वि.यु.को मुखपत्र बनेको देखिन्छ ।

वि.सं. २०४१ मा *चौतारी* साहित्यिक वार्षिक पत्रिका प्रकाशित भयो । प्रगतिवादी रचनाहरू प्रकाशन गर्ने उद्देश्य राखेको यो पत्रिका पनि तीन अङ्क मात्रै प्रकाशित भएर बन्द हुन पुग्यो । वि.सं. २०४२ मा *उपहार* मासिक साहित्यिक पत्रिका प्रकाशित भयो । यो पत्रिका धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान बागलुङको मुखपत्र थियो । यसका सम्पादक काजी रोशन थिए । यो पनि दुई अङ्कभन्दा बढी प्रकाशित हुन सकेन । वि.सं. २०४८ मा *जनयोद्धा* साहित्यिक मासिक पत्रिका प्रकाशित भयो । राजेशचन्द्र राजभण्डारी र किस्मत राजभण्डारी सम्पादक रहेको यो पत्रिका दुई अङ्कभन्दा बढी निस्कन सकेन ।

वि.सं. २०५८ चैत्र ३० गतेदेखि महेन्द्र बहुमुखी क्याम्पसको प्राध्यापक सङ्घ एकाइ समितिले *प्रज्ञा सारथि* नामको अनुसन्धानमूलक पत्रिका प्रकाशन गर्न थाल्यो । यो पत्रिकाको पहिलो सम्पादक मुक्तराज उपाध्याय थिए । यो पत्रिका प्रकाशन गर्नुको मुख्य उद्देश्य उच्च शिक्षासँग सम्बन्धित विभिन्न वाङ्मयका लेखरचनाहरू प्रकाशन गरेर संस्थाको प्राज्ञिक उन्नयन गर्नु रहेको छ (गौतम, २०७०) । यसमा अन्तरविषयका अनुसन्धानमूलक लेखहरू मात्रै प्रकाशित हुन्छन् । यो पत्रिका अहिलेसम्म निरन्तर प्रकाशित छ ।

वि.सं. २०५९/६० तिर जलजलाबाट *बागलुङ कालिका, कालिका, जलजलाको उपहार,* ग्वालीचौरबाट धौलागिरि बढिघाट समाज कल्याण मञ्चको प्रकाशनमा *समर्पण,* रिघाबाट *प्रतिभा सन्देश,* पाण्डवखानीबाट *चौतारी* जस्ता साहित्यिक पत्रिकाहरू प्रकाशनमा आएको पाइन्छ । यी पत्रिकाहरू पनि निरन्तर प्रकाशित हुन सकेनन् । वि.सं. २०६२ मा खरवाङबाट *गोधूलि* साहित्यिक पत्रिका प्रकाशित भयो । यसको सम्पादक निलमकुमार शर्मा पौडेल छन् । यो पत्रिकाको प्रकाशन स्थानीय स्तरका साहित्यिक रचनाहरू प्रकाशन गर्ने उद्देश्यले भएको थियो । दरम बडीगाड साहित्य सङ्गमबाट प्रकाशित यो पत्रिका निरन्तर प्रकाशित छ । यो पत्रिका प्रकाशन हुनुपूर्व खर्बाङबाट प्रकाश ढकाल र नारायण धितालको सक्रियता र मोहन, गोविन्दबहादुर अधिकारी, विवश गैरेको सहभागितामा *आवाज* पाक्षिक भित्ते पत्रिका प्रकाशित भएको थियो । तर "केही उच्छृङ्खल र उदण्ड व्यक्तिले उक्त पत्रिका लथालिङ्ग र भताभुङ्ग" बनाइदिएपछि *आवाज* बन्द भयो (उपाध्याय, २०७०) । यो पत्रिका बन्द हुँदा त्यस क्षेत्रको साहित्यिक पत्रकारिता केही वर्ष धरमराउन पुगेको देखिन्छ । यसैको पृष्ठभूमिमा *गोधूलि* साहित्यिक पत्रिका प्रकाशित भयो । *आवाज*ले उठाउन खोजेको साहित्यिक आवाजलाई निरन्तरता दिन नै यो प्रकाशित भएको बुझिन्छ ।

**तालिका २**

*साहित्यिक पत्रिका*

| क्र.सं. | पत्रिकाको नाम | प्रकाशन मिति | प्रकाशित वर्ष र अङ्क | प्रधान सम्पादक | प्रकाशक | प्रकाशनको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | मञ्जरी | २०१४ | एक वर्ष | सूर्यप्रसाद श्रेष्ठ | शिवकुमार प्रधान | ब |
| २ | ज्योति | २०१५ | वर्ष ३०, अंक ५ | गोविन्दलाल श्रेष्ठ | विद्यामन्दिर माध्यमिक विद्यालय | ब |
| ३ | सरोज | २०१७ | पाँच वर्ष | कृष्णप्रसाद दुखी, | सरोज सुधा सङ्घ | ब |
| ४ | धवलागिरि | २०१५ | तिन वर्ष | जगत नरसिंह अबोध | जगतनरसिंह अबोध | ब |
| ५ | मुनो | २०२२ | आठ वर्ष | शास्त्रदत्त पन्त | धवलागिरि वीरेन्द्र हाईस्कुल | ब |
| ६ | कोसेली | २०२३ | एक वर्ष | कृष्णप्रसाद दुखी | धवलागिरि अञ्चल पञ्चायत | ब |
| ७ | बुकी | २०२५ | दुई वर्ष | बालकृष्णको नेभा | नेपाली साहित्यकार सम्पर्क समिति | ब |
| ८ | कालीको छाल | २०२८ | एक वर्ष | काजी रोशन | काजी रोशन | ब |
| ९ | झिल्का | २०२८ | सत्ताइस वर्ष, तीन अङ्क | सम्पादकको नाम उल्लेख नभएको । प्रधान | विद्यामन्दिर पुस्तकालय | अ |
| १० | किरण | २०२९ | छ वर्ष | युक्तप्रसाद पाखे, | महेन्द्र इन्टर कलेज बागलुङ | ब |
| ११ | निर्झर | २०३० | छ वर्ष | प्रेमप्रसाद पौडेल, | भरतबहादुर | ब |
| १२ | सरोरुह | २०३० | एक वर्ष | भरतबहादुर, | विदुर खड्का | ब |
| १३ | यानिमाया | २०३० | दुई वर्ष | धर्मप्रसाद थापा | वीरेन्द्रप्रकाश श्रेष्ठ, स्वयंप्रकाश श्रेष्ठ | ब |
| १४ | नव बालक | २०३१ | एक वर्ष | वीरेन्द्रप्रकाश श्रेष्ठ | महेन्द्रकुमार श्रेष्ठ | ब |
| १५ | काँठेखोला | २०३१ | एक वर्ष | महेन्द्रकुमार श्रेष्ठ | विदुर खड्का | ब |
| १६ | जलजला | २०३६ | एक वर्ष | चन्द्रनरसिंह राजभण्डारी | विद्यामन्दिर पुस्तकालय | ब |
| १७ | कालीको छाल | २०३७ | छ वर्ष | चन्द्रनरसिंह राजभण्डारी, | निर्मल | ब |
| १८ | नयाँजागरण | २०३७ | एक वर्ष | निर्मल र | शोषित विन्दु श्रेष्ठ | ब |
| १९ | प्रयास | २०३८ | चार वर्ष | शोषित विन्दु श्रेष्ठ | मबक्या स्व.वि.यु. | ब |
| २० | सँगालो | २०५७ | नौ वर्ष | मोहन बस्याल | मबक्या स्व.वि.यु. | ब |
| २१ | मुक्ति सन्देश | २०४१ | एक वर्ष | सीता हमाल | अशोक विनयश्रेष्ठ | ब |
| २२ | धवलागिरि दपर्ण | २०४२-०७७ | वर्ष ३५, अङ्क ५ | हिराबहादुर केसी | धवलागिरि साहित्य प्रतिष्ठान | अ |
| २३ | चौतारी | २०४८ | तीन वर्ष | अशोक विनय श्रेष्ठ | राजेशचन्द्र राजभण्डारी | ब |
| २४ | उपहार | २०५८ | एक वर्ष | काजी रोशन | काजी रोशन | ब |
| २५ | जनयोद्धा | २०६२ | एक वर्ष | राजेशचन्द्र राजभण्डारी | दरम बडीगाड साहित्य संगम | ब |
| २६ | प्रज्ञा सारथि | २०६२-०७८ | एक्काइस वर्ष | मुक्तराज उपाध्याय | प्राध्यापक संघ, एकाइ समिति धबक्या | नि |
| २७ | गोधूलि | २०६२ | दश वर्ष | निलमकुमार शर्मा पौडेल | दरम बडीगाड साहित्य संगम | नि |
| २८ | आवाज | २०६३ | एक वर्ष | गोविन्दबहादुर अधिकारी | दुर्गम बस्ती रणसिंह किटेनी बागलुङ | ब |
| २९ | धवलागिरि जर्नल अफ सोसोलोजी एन्ड एन्थ्रोपोलोजी | २०६५-०७८ | दश वर्ष | मनबहादुर खत्री | समाजशास्त्र/मानवशास्त्र विभाग, धबक्या | नि |
| ३० | सिर्जना संजाल | २०६६ | तीन वर्ष | टीका पाइजा | आपत रामजाली मगर | ब |
| ३१ | प्रवाह | २०६९ | दुई वर्ष | पूरन पाण्डे, | रुद्रावती साहित्य सङ्गम | ब |
| ३२ | चिनारी | २०६९ | एक वर्ष | आपत रामजाली मगर | आपत रामजाली मगर | ब |
| ३३ | प्रायोगिक नेपाली शिक्षण सहायक सामग्री | २०६९ | दुई वर्ष | दिनबहादुर थापा, | नेपाली विभाग, धबक्या बागलुङ | नि |
| ३४ | शैक्षिक अनुशीलन | | वर्ष ६, अङ्क ४ | दिनबहादुर थापा | शैक्षिक अनुसन्धान केन्द्र, बागलुङ | अ |
| ३५ | धवलागिरि प्रवाह | | वर्ष १०, अङ्क २ | नारायणप्रसाद पौडेल | सिर्जनशील विद्यार्थी समूह धबक्या बागलुङ | अ |
| ३६ | रिस्यापिङ | | वर्ष १, अङ्क १ | विजयराज पन्त | अङ्ग्रेजी विभाग, धबक्या बागलुङ | |
| ३७ | धवलागिरि जर्न अफ कन्टेम्पोरेरी इस्यु | २०७९ | वर्ष १ अङ्क १ | दिनबहादुर थापा | अनुसन्धान समिति, धबक्या बागलुङ | नि |

नोटः नि = नियमित रुपमा प्रकाशित, ब = बन्द, अ = अनियमित

धवलागिरि बहुमुखी क्याम्पस समाजशास्त्र/मानवशास्त्र विभागबाट वि.सं. २०६२ देखि *धवलागिरि जर्नल अफ सोसोलोजी एन्ड एन्थ्रोपोलोजी* नियमित प्रकाशित छ । यो अनुसन्धानमूलक पत्रिकामा राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रका ख्यातिप्राप्त मानवशास्त्री र समाजशास्त्रीहरूका लेखहरू समकक्षी समीक्षा गरेर प्रकाशित हुन्छन् । यसको प्रधान सम्पादक मनबहादुर खत्री रहेका छन् । यो अनलाइनमा समेत उपलब्ध छ । वि.सं. २०६३ मा नेप्जोलमार्फत अनलाइन जर्नल र वि.सं. २०७४ देखि आफ्नै वेबसाइटमार्फत यो प्रकाशित हुन्छ ।

वि.सं. २०६३ मा रणसिंह किटेनीबाट *सिर्जना संजाल* नामक साहित्यिक पत्रिका प्रकाशित भयो । उक्त पत्रिकाको सम्पादन टीका पाइजा र मिलन बोहोराले गरेका थिए । यो पत्रिकामा कविता, कथा, मुक्तक, निबन्धजस्ता रचनाहरू प्रकाशित भएको पाइन्छ । १४ अङ्क प्रकाशित भएर वि.सं. २०६६ मा यो पनि बन्द हुन पुग्यो । बुर्तिवाङबाट वि.सं. २०६५ असारमा रुद्रावती साहित्य संगमद्वारा *प्रवाह* नामक चौमासिक साहित्यिक पत्रिका प्रकाशित भयो । यो पत्रिकाको सम्पादन पूरन पाण्डे, रामनारायण सुवेदी, पूर्णप्रसाद भुसालले गरेका थिए । यो चार अङ्क प्रकाशन भएपछि बन्द भयो । वि.सं. २०६६ मा देवीस्थानबाट *चिनारी* साहित्यिक पत्रिका प्रकाशित भएको पाइन्छ । यो पत्रिकाको सम्पादन आपत रामजाली मगरले गरेका थिए । तर यसले दीर्घ जीवन प्राप्त गर्न सकेन । वि.सं. २०६९ मा धवलागिरि बहुमुखी क्याम्पसको नेपाली विभागबाट *प्रायोगिक नेपाली शिक्षण सहायक सामग्री* नामको अनुसन्धानमूलक पत्रिका प्रकाशित भयो । यसको सम्पादन दिनबहादुर थापा, हरिप्रसाद गौतम, षडानन्द पौड्याल र शेषकान्त रिजालले गरेका थिए । यो पनि दुई अङ्कभन्दा बढी प्रकाशनमा आउन सकेन । वि.सं. २०६९ मा नै नेपाली शिक्षा विभागका विद्यार्थीहरूको सक्रियतामा *धवलागिरि प्रवाह* साहित्यिक पत्रिका प्रकाशित भयो । तर यो पत्रिका एक अङ्क निस्किएर बन्द हुन पुग्यो । यो पनि दोस्रो अङ्कपछि बन्द हुन पुगेको पाइन्छ । वि.सं. २०६९ मै *शैक्षिक अनुशीलन* नामक अनुसन्धानमूलक पत्रिका प्रकाशित भयो । यसको पहिलो र दोस्रो अङ्क दिनबहादुर थापा र तेस्रो र चौथो अङ्क देवबहादुर क्षेत्रीको प्रधान सम्पादनमा प्रकाशित भयो । यो पत्रिका प्रकाशन गर्नुको मुख्य उद्देश्य भाषा, साहित्य, संस्कृति, शिक्षण तथा स्वअध्ययन सामग्रीहरू प्रकाशन गर्नु रहेको छ (क्षेत्री र पौडेल, २०७५) । यसका प्रधान सम्पादक देवबहादुर क्षेत्री र सम्पादक जनक पौडेल रहेका छन् । हालसम्म यसका चार अङ्क मात्रै प्रकाशन भएको देखिन्छ । यसैगरी धवलागिरि बहुमुखी क्याम्पसबाट वि. सं. २०८० देखि *धौलागिरि जर्नल अफ कन्टेम्पोरेरी इस्यु* शीर्षकमा अनुसन्धानमूलक पत्रिका प्रकाशित हुन थालेको छ । यी पत्रिकाहरूलाई तालिका २ मा देखाइएको छ ।

हालसम्म बागलुङ जिल्लाबाट ३७ वटा साहित्यिक पत्रिकाहरू प्रकाशित भएको विवरण देखिन्छ । अखबारी पत्रकारिताको जस्तै साहित्यिक पत्रकारिता पनि प्रकाशन हुने र बन्द हुने प्रवृतिमा मुक्त रहेको पाइदैंन । साहित्यिक पत्रकारितामा अनुसन्धानमूलक पत्रकारिताको पनि परम्परा स्थापित भएको छ । अनुसन्धानमूलक पत्रकारिताको इतिहास सुरु गर्नुमा धवलागिरि बहुमुखी क्याम्पसको महत्वपूर्ण योगदान रहेको पाइन्छ ।

**विद्युतीय पत्रकारिता : वि. सं. २०६१ देखि प्रारम्भ**

बागलुङ जिल्लामा रेडियो र टेलिभिजन दुवै प्रसारणमा रहेका छन् । तर यी सञ्चार माध्यमहरूको इतिहास त्यति धेरै लामो छैन । भर्खरभर्खर आभ्यासिक र सुरुवाती चरणमा नै यी प्रसारणहरू रहेका छन् ।

वि.सं. २०६१ कार्तिक २७ गतेदेखि *धवलागिरि एफ.एम.*ले प्रसारण सुरु गऱ्यो । यसको व्यवस्थापन किशोर राजभण्डारी र बद्रीप्रसाद शर्माले गरेका थिए । यो बागलुङ जिल्लाको पहिलो एफ.एम. रेडियो थियो (छोटा, २०७१) । दोस्रो रेडियोको रूपमा *बागलुङ एफ.एम.* आयो । उक्त सामुदायिक रेडियोको स्थापना वि.सं. २०६४ जेठमा भएको थियो । यसका अध्यक्ष हेमराज शर्मा रहेका थिए । वि.सं. २०६४ फागुन ७ गते जगन्नाथ शर्मा अध्यक्ष रहेको *सयपत्री एफ.एम.* स्थापना भयो । वि.सं. २०६८ मा बुर्तिवाङमा *रेडियो परिवर्तन*ले प्रसारण आरम्भ गऱ्यो । यसको अध्यक्ष टिकाबहादुर थापा रहेका थिए । वि.सं. २०७४ मा शुभेच्छा एफ.एम कुश्मीसेरबाट प्रसारण हुन थाल्यो । यसको अध्यक्ष सन्ध्या आचार्य रहेकी छन् । बागलुङबाट प्रसारणमा रहेका अन्य एफ.एम. रेडियोहरूमा *सामुदायिक रेडियो ढोरपाटन, सामुदायिक रेडियो सारथि, सामुदायिक रेडियो गलकोट, रेडियो बुर्तिवाङ, सामुदायिक रेडियो बिहानी* रहेका छन् । यसरी हालसम्म बागलुङमा दशवटा रेडियो स्टेशनहरू सञ्चालित भइसकेको देखिन्छ ।

बागलुङ जिल्लाबाट एक मात्र *धवलागिरि टेलिभिजन* पनि प्रसारणमा छ । यो केबुल प्रसारणमा आधारित छ । स्थानीय स्तरमा सञ्चालित यो प्रसारणले चौबिसै घन्टा आफ्ना कार्यक्रमहरू सम्प्रेषण गर्दछ । यसको प्रसारण वि.सं. २०७० असोज १९ गतेबाट सुरु भएको पाइन्छ । हालसम्म बागलुङमा दशवटा रेडियोहरू प्रसारणमा आइसकेका छन् । यी रेडियोहरू निरन्तर प्रसारणमा रहेको पाइन्छ । हालसम्म बागलुङबाट प्रसारित रेडियो पत्रकारिताको संक्षिप्त विवरण निम्न तालिका ३ अनुसार रहेको छ ।

***तालिका ३***

*रेडियो पत्रकारिता*

| क.सं. | रेडियोको नाम | प्रसारण प्रारम्भ भएको साल | प्रसारण अवस्था | अध्यक्षको नाम | प्रसारण अवधि |
|---|---|---|---|---|---|
| १ | धवलागिरि एफ.एम. | २०६१ | निरन्तर | किशोर राजभण्डारी र बद्रीप्रसाद शर्मा | ७ |
| २ | बागलुङ एफ.एम. | २०६४ | निरन्तर | हेमराज शर्मा | |
| ३ | सयपत्री एफ.एम. | २०६४ | निरन्तर | जगन्नाथ शर्मा | |
| ४ | सामुदायिक रेडियो सारथि | २०६७ | निरन्तर | विष्णुप्रसाद भुसाल | |
| ५ | रेडियो परिवर्तन | २०६८ | निरन्तर | टीकाबहादुर थापा | |
| ६ | सामुदायिक रेडियो गलकोट | २०६८ | निरन्तर | वीरेन्द्रश्रेष्ठ | |
| ७ | सामुदायिक रेडियो ढोरपाटन | २०६९ | निरन्तर | द्रोणकुमार कुँवर | |
| ८ | सामुदायिक रेडियो बिहानी | २०७१ | निरन्तर | पूर्णबहादुर पुन | दश वर्षभन्दा कम समयसम्म प्रसारित |
| ९ | सामुदायिक रेडियो बुर्तिवाङ | २०७३ | निरन्तर | देवकुमार नेपाली | ३ |
| १० | शुभेक्षाएफ. एम कुश्मीसेरा | २०७४ | निरन्तर | सन्ध्या आचार्य | |

यिनीहरूको कार्यक्षेत्र बागलुङका अतिरिक्त म्याग्दी र पर्वतका केही क्षेत्रहरू रहेको पाइन्छ । प्रसारणमा रहेका रेडियोहरूमध्ये सातवटा रेडियो दश वर्षभन्दा बढी समयदेखि प्रसारणमा छन् भने तीनवटा रेडियोहरू तीनचार वर्षदेखि प्रसारणमा रहेको पाइन्छ ।

बागलुङमा नयाँ माध्यम अनलाइन पत्रकारिताको पनि विकास भएको छ । यस्ता अनलाइनहरू कतिपय दैनिक पत्रिकाहरूले सञ्चालन गरेका छन् भने कतिपय अनलाइन मात्रै पनि सञ्चालनमा छन् । दर्ता भएर सञ्चालनमा रहेका अनलाइनहरूमा *नयाँ विश्व, ढोरपाटन न्युज, आदर्श सञ्चार, खबर वे, इ परि न्युज डटकम, बागलुङ पोस्ट, बडीगाड अनलाइन* आदि रहेका छन् (शिरीष, २०७८) । बागलुङमा भएका अनलाइनको विवरण निम्न तालिकामा देखाइएको छ :

**तालिका ४**

*अनलाइन पत्रकारिता*

| क.सं. | अनलाइन | प्रकाशन मिति | प्रकाशन अवस्था | सम्पादक | प्रकाशन समय |
|---|---|---|---|---|---|
| १ | खबर वे | २०७३/७४ | निरन्तर | टिकाराम उपाध्याय | छ वर्ष |
| | ढोरपाटन न्युज | ०७३/२०७४ | निरन्तर | रामकृष्ण बोहोरा | छ वर्ष |
| २ | जनमञ्चडटकम | ०७४/७ | निरन्तर | मनोज पौडेल | पाँच वर्ष |
| ३ | नयाँ विश्वडटकम | ०७५/७६ | निरन्तर | मुकेशचन्द्र राजभण्डारी | चार वर्ष |
| ४ | इ परि न्युज | ०७५/७६ | निरन्तर | विजय राना | चार वर्ष |
| ५ | आदर्श सञ्चार | २०७६/२०७७ | निरन्तर | रामबहादुर जिसी | तीन वर्ष |
| ६ | बडीगाड अनलाइन | ०७६/७७ | निरन्तर | राधिका पाण्डे पौडेल | तीन वर्ष |
| ७ | बागलुङ पोस्ट | ०७७/७८ | निरन्तर | संगम घर्ती मगर | एक वर्ष |
| ८ | उत्तरगंगा डटकम | | निरन्तर | | |
| ९ | ढोरपाटन पोस्ट | ०७७/७८ | निरन्तर | राम सुवेदी | एक वर्ष |
| १०. | हिडनखबर | ०७७/७८ | निरन्तर | सुभाष आचार्य | एक वर्ष |

अनलाइन पत्रकारिताले बागलुङको पत्रकारितालाई सरल बनाएको छ। कम लगानीमा पनि पत्रकारिता सञ्चालन हुन सक्ने अवस्था आएको देखिन्छ। अनलाइन पत्रकारिताको विकास निरन्तर गतिशील देखिन्छ।

## निष्कर्ष

बागलुङको पत्रकारिता वि. सं. २००८ को *सही बाटो* हस्तलिखित समाचार पत्रबाट सुरु भएको पाइन्छ । यसरी सुरु भएको पत्रकारिता वि. सं. २०२१ मा *धवलागिरि* समाचार पत्रको प्रकाशित भएपछि मुद्रण युगमा प्रवेश गऱ्यो । मुद्रित

पत्रकारिताका पाक्षिक, साप्ताहिक, मासिक, अर्धसाप्ताहिक, दैनिक स्वरूप प्रकाशित हुन थाले । छापा माध्यम पनि अखबारी पत्रकारिता र साहित्यिक पत्रकारितामा विभाजित भएको देखियो । बागलुङमा वि. सं. २०१४ *मञ्जरी* पत्रिका प्रकाशित भए पछि साहित्यिक पत्रकारिताको आरम्भ भयो । वि. सं. २०५५ मा *न्यु धौलागिरि* प्रकाशित भए पछि यो जिल्लामा दैनिक पत्रकारिताको आरम्भ भयो । छापा माध्यमको अखबारी पत्रकारिता र साहित्यिक पत्रकारिताको विकास समानान्तर तरिकाले भएको इतिहास पाइन्छ । छापाामा सीमित पत्रकारिता वि. सं. २०६१ देखि एफ. एम. रेडियो प्रसारणको उदयसँगै विद्युतीय माध्यममा प्रवेश गरेको देखिन्छ । एफ. एम. रेडियोको स्थापना र प्रसारणको कार्यले पनि यो जिल्लामा तीव्रता नै पाएको देखिन्छ । तर ती रेडियोहरूले पनि छापाको जस्तै बन्द हुनुपर्ने नियति भने भोगेको पाइन्छ । रेडियो पछि टेलिभिजन प्रसारणको इतिहास पनि यो जिल्लामा कायम हुन पुगेको देखिन्छ । स्थानीय स्तरमा टेलिभिजन प्रसारण हुनु आफैमा सकारात्मक र महत्वपूर्ण कार्य हुन पुगेको पाइन्छ । वि. सं. २०७३ देखि *खबर वे* अनलाइनले नयाँ माध्यमको सुरुवात गऱ्यो । अनलाइन पनि पत्रपत्रिकामा आधारित अनलाइन र स्वतन्त्र अनलाइन रहेका छन् । साहित्यिक पत्रकारिताका क्षेत्रमा पत्रिकामा आधारित अनलाइनको मात्रै वर्चस्व रहेको पाइन्छ भने अखबारी पत्रकारितामा भने समाचार पत्रमा आधारित अनलाइन र स्वतन्त्र अनलाइन स्थापित भएको पाइन्छ । अनलाइन पत्रकारिताले बागलुङको पत्रकारितालाई विश्वव्यापी बनाएको देखिन्छ । नयाँ माध्यमले पत्रकारितालाई आर्थिक दायित्वबाट मुक्त गराउँदै गएको पाइन्छ । बागलुङको पत्रकारिताको सर्वेक्षण गर्दा यहाँको पत्रकारिता सरल र सहज हुँदै उत्तरोत्तर प्रगतिउन्मुख नै रहेको पाइन्छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, दुर्गा (२०७०), *नेपाली बालकविताको विकासमा मञ्जरी पत्रिकाको योगदान,* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), धवलागिरि बहुमुखी क्याम्पस ।

उपाध्याय, तेजराज (२०७०), *नेपाली साहित्यको विकासमा गोधुली पत्रिकाको योगदान* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). धवलागिरि बहुमुखी क्याम्पस ।

क्षेत्री, देवबहादुर र पौडेल, जनक (२०५९), सम्पादकीय. *शैक्षिक अनुशीलन.* शैक्षिक विकास केन्द्र. पृ. ङ ।

खड्का, विदुर (२०७०), आञ्चलिक पत्रकारिताको छ दशक, *ढोरपाटन दशक.* ढोरपाटन दैनिक. पृ.१-५ ।

गौतम, गोविन्दराज (२०७०), त्रिवि प्राध्यापक सङ्घ, एकाइ समिति धवलागिरि बहुमुखी क्याम्पस बागलुङ, *विगत र वर्तमान. स्वर्ण महोत्सव स्मारिका,. धवलागिरि बहुमुखी क्याम्पस* पृ. ८७-९२ ।

छोटा, प्रेम (२०७१), *धवलागिरिको छ दशकीय पत्रकारिता.* रत्न श्रेष्ठ पुरस्कार गुठी ।

ज्ञवाली, शिवशरण (२०२४०), मोफसलको छापा पत्रकारिताको ऐतिहासिक दिग्दर्शन, *जर्नल अफ डेभलपमेन्ट रिम्भु.* ९(१). १३२-१५० ।

थापा, भोजेन्द्र (२०६८), *नेपाली साहित्यमा 'धौलाश्री' पत्रिकाको योगदान* (अप्रकाशित स्नातकोत्तर शोधपत्र). धवलागिरि बहुमुखी क्याम्पस ।

थापा, मनबहादुर (२०७७), *धवलागिरि दर्पण,* स्वतन्त्र विद्यार्थी युनियन. धवलागिरि बहुमुखी क्याम्पस ।

पौडेल, कमल (२०७४), पश्चिम बागलुङको पत्रकारिताको विकास र अवस्था, *गोधूलि १६*(२). पृ. ६३-६४ ।

शिरीष, दिल (२०७८), धौलागिरिको पत्रकारिता : हस्तलिखितदेखि डिजिटलसम्म, *धौलागिरिको पत्रकारिता.* पृ. २४-३४ ।

श्रेष्ठ, दयाराम (२०६१), *साहित्यको इतिहास : सिद्धान्त र सन्दर्भ,.* त्रिकोण प्रकाशन ।

श्रेष्ठ, दयाराम र शर्मा मोहनराज (२०६४), *नेपाली साहित्यको संक्षिप्त इतिहास* (नवौं संस्क.). साझा प्रकाशन ।



**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.



**Biography of Auther**: Mr. Shivasaran Gyawali is lecturer of Nepali at Saraswati Multiple Campus, Tribhuvan University. He is PhD form Mphil leading to PhD program from Tribhuvan University Nepal